# राष्ट्रिय महिला अधिकार मञ्च
## National Women's Rights Forum (NWRF)

### गरिब तथा पछाडि पारिएका ग्रामिण महिलाका अधिकार सुनिश्चित गरी सम्मानजनक जीवनयापनका लागि गाम्रीण महिलाहरुको संगठन राष्ट्रिय महिलाअधिकार मञ्च मार्फत सरकार समक्ष पेश गरेका २४ बुदें वडापत्र

- बोक्सीको आरोप लगाई शारीरिक तथा मानसिक यातना दिनेलाई कानुन बनाई कारबाही गर ।
- बाल,अनमेल र बहुविवाहको हकमा तेस्रो पक्षले जाहेरी दिन सक्ने कानुनी व्यवस्था गर ।
- दाईजो लिने,दिने दुवैलाई कानुन संशोधन गरी फौजदारी कानुनअन्तर्गत कार्वाही गर ।
- बलात्कारीलाई धरौटीमा रिहा र दण्ड मिनाहा गर्ने कानुन खारेज गर ।
- घरेलु हिंसालगायत महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाहरु अन्त्य गर्नका लागि थप कानुनको निमार्णका साथै घरेलु हिंसा बिरुद्धको बिधयक लाई कडाईका साथ लागु गर ।
- हरेक जिल्लामा हिंसा प्रभावित महिलालाई सुरक्षा घरको व्यवस्था गर । बेचिएका महिला तथा बालबालिकालाई फिर्ता र पुर्नस्थापना गर ।
- प्रकोपको बेला राहत वितरण गर्दा गर्भवती महिला, बालबालिका र अपाङ्गलाई विशेष प्राथामिकता देऊ ।
- एकल महिलाको हकमा उमेरको हद नतोकी सबैलाई भत्ताको व्यवस्था गर । उनीहरुको स्वतन्त्र स्वामित्व रहने गरी भूमि अधिकार सुनिश्चित गर र स्वामित्व हस्तान्तरण प्रक्रियामा लाग्ने सबै राजश्व मिनाहा गर ।
- महिलाको लागि उच्च शिक्षासम्म नि:शुल्क गर । प्रत्येक विद्यालयमा ५०% महिला शिक्षिका नियुक्ति गर । प्राथमिक तहका सरकारी विद्यालयमा नि:शुल्क र स्वस्थ्यकर खाजाको व्यवस्था गर ।
- राजनीतिक नियुक्तिमा महिलाको समान सहभागिता गराऊ ।
- राजनीतिक दलहरुको स्थानीयदेखि केन्द्रीयतहसम्म ५०% महिला सहभागिता गराऊ । सहभागिता नगराउने दल खारेज गर ।
- "समान कामका लागि समान ज्याला" का निम्ति कृषिमजदुरको न्यूनतम ज्याला राष्ट्रियस्तरमै घोषणा गर ।

- एक व्यक्ति वा परिवारका नाममा देशभर एउटै जग्गा धनीपूर्जा कायम गरी श्रीमान् र श्रीमतीको संयुक्त नाममा जारी गर ।
- भूमिअधिकारबाट वञ्चितहरुले प्राप्त गर्ने जग्गाको स्वामित्व महिला र पुरुष दुबैको हुनेगरी प्रदान गर । महिलाको स्वामित्व भएको भूमिको तिरो आधामात्र र महिलामा हक हस्तान्तरण गर्दा राजश्वमा ५०% छुट देऊ ।
- आदिवासी जनजातिहरुले परम्परागतरुपमा उपयोग गर्दै आएका सामुदायिक भू-क्षेत्र (चरन, खोरिया इत्यादि) मा सम्बन्धित जनजातिको सामूहिक अधिकार स्थापित गराऊ । सामुदायिक वन र पानीमा महिलाको पहुँच र नियन्त्रणको ग्यारेण्टी गर ।
- कुनै पनि समुदायका पर्ति तथा प्रयोगमा नआएको सार्वजनिक जमिन गरिबीका रेखामुनि रहेका ग्रामीण महिला, सिमान्तकृत किसानहरुका खाद्यसुरक्षाको निम्ति प्रयोग गर ।
- बेठबेगारी, हली, कम्लहरी, बालीघरे आदि भूदास प्रथाको अन्त्य गर ।
- महिला विकास बैंक स्थापना गर । गरिबीको रेखामुनि रहेका महिलाले सरकारी वित्तीय संस्थाबाट लिएको ऋण मिनाहा गर ।
- महिलाको गर्भपतन र सन्तान जन्माउने अधिकार सुरक्षित गर । सुरक्षित गर्भपतनको लागि ग्रामीण महिलाको पहुँच सहज बनाउन स्थानीयस्तरमा सुरक्षित मातृत्व सेवाको व्यवस्था गर । महिला स्वास्थ्य स्वयंसेविकालाई पारिश्रमिक देऊ ।
- विद्यालय, सरकारी निकाय र अन्य संस्थानहरुमा महिलाका लागि छुट्टै शौचालयको व्यवस्था गर । साथै अपाङ्गको लागि र्‍याम्पको व्यवस्था गर ।
- आमाको नामबाट नागरिकता पाउने कानुन कडाईका साथ लागु गर ।
- हिंसामा परेका महिला यौन व्यवसायी हरुको न्यायका लागि यौन पेशालाई कानुनी मान्यता देऊ ।
- स्थानीय निकायमा उपलव्ध बजेटको कम्तिमा ५०% महिला विकासको लागि लगानी गर ।
- एचआईभी तथा एड्स संक्रमित तथा प्रभावित ब्यक्तिहरुको लागि स्वास्थ्य उपचारका साथै बालबालिका हरुको उचित शिक्षा र पोषणको अधिकार सुनिश्चित गर ।

**राष्ट्रिय महिला अधिकार मञ्च**

**पर्सा,बारा,सप्तरी,उदयपुर,झपा,चितवन,मकवानपुर,ललितपुर,दाङ्ग,बाँके,कैलाली,दोलखा,रसुवा, कपिलवस्तु,जुम्ला,बाजुरा,नवलपरासी,सर्लाही,महोत्तरी,कास्की,पर्वत,बाग्लुङ्ग,धनुषा,सिन्धुली ।**

राष्ट्रिय महिला अधिकार मञ्च राष्ट्रिय सचिवालय ,प्रेरणा
विशालचोक, ललितपुर
फोन नं : ०१- ५१२१०८१
इमेल : mamprerana@wlink.com.np